# मेवालाल



विनय कसजू

Digitized By:

साझा शिक्षा ई-पाटी
OLE NEPAL

www.pustakalaya.org

www.olenepal.org

# मेवालाल

प्रेरक तथा सकारात्मक बालकथाहरूको सँगालो

विनय कसजू

विवेक सिर्जनशील प्रकाशन प्रा.लि.

काठमाडौं

# मेवालाल

प्रेरक तथा सकारात्मक बालकथाहरूको सँगालो


लेखक : विनय कसजू

चित्राङ्कन : शम्भु महर्जन

प्रकाशक : विवेक सिर्जनशील प्रकाशन प्रा.लि.



सर्वाधिकार : लेखकमा



संस्करण : प्रथम २०६९, चैत्र (मार्च २०१३)

प्रति : एक हजार

कम्प्युटर सेटिङ : समन श्रेष्ठ/बिमला श्रेष्ठ

मुद्रक : सुजल अफसेट प्रेस

# भूमिका

कोही अरूलाई सुख दिएर खुशी हुन्छन् । कोही अरूलाई दुःख दिएर खुशी हुन्छन् । यी दुबै मानवीय स्वभाव हुन् । तर बालबालिकाहरू स्वभावैले अरुलाई खुशी पार्न चाहने हुन्छन् । उनीहरू आफै पनि अरूको हित र उपकार गर्न चाहन्छन् । यसैले उनीहरू अरूको हित गरेका कथा पढ्न रुचाउँछन् ।

अहिलेको समाजमा बालबालिकालाई प्रतिशोध, हिंसा, यौनअपराध जस्ता विषयवस्तुले भरिएका मिडियाका हानीकारक प्रभावबाट जोगाउन स्वस्थ, मनोरंजन तथा सकारात्मक सन्देश दिने सामग्रीको महत्व बढिरहेको छ । बालबालिकालाई सानैदेखि परोपकारमा रमाउने बानी बसाल्न र अरूको पीडा बुझ्ने, परानुभूति गर्न सक्ने बनाउन सकारात्मक सन्देश दिने कथाले महत्वपूर्ण काम गर्छन् ।

प्रस्तुत बालकथा संग्रहमा संग्रहित सबै कथाका मुख्य पात्रहरू सकारात्मक काम गर्न रमाउँछन् र अरुका प्रिय बन्छन् । यी कथाले एकातिर बालबालिका र वयस्कहरूलाई पनि मनोरंजन दिन्छन् भने अर्कोतिर समाजमा सकारात्मक काम गर्ने प्रेरणा दिन्छन् । यो पुस्तक प्रकाशन गर्ने जमर्को गरेकोमा विवेक सिर्जनशील प्रकाशन प्रा.लि.लाई धन्यवाद छ ।

- लेखक

## कथाक्रम


- मेवालाल / ५
- गुलेलीभन्दा गुनिलो / ११
- जाँतेकिराको घुमघाम / १६
- सानो मुसाको ठूलो अठोट / २२
- सेरु फेरियो / २७
- बिरालोको सम्मान / ३३

# मेवालाल



नारायणघाट नेपालको झण्डै बीच भागमा पर्छ । नेपालको सबैभन्दा पूर्वमा पर्ने मेचीदेखि सबैभन्दा पश्चिममा पर्ने महाकालीसम्म राजमार्गमा चल्ने बसहरू नारायणघाट भएरै काठमाडौंतिर लाग्छन् । काठमाडौंबाट नेपालका विभिन्न भागमा जाने बसहरू पनि नारायणघाट भएर नै जान्छन् । एक छिन बस रोकिँदा यात्रुहरूले दालभात, खाजा, फलफूल खान्छन् । यसैले यहाँ नेपालका हिमाल, पहाड तराइका र सबै जसो जातजातिका मानिसहरू देख्न पाइन्छ ।

यहाँ यात्रीहरूलाई खाना, खाजा र फलफूल ख्वाउने र बेच्ने धेरै पसलहरू छन् । बसपार्कको एकातिर लस्करै फलफूल बेच्ने पसलहरू छन् । फलफूल पसलहरूमा मौसमअनुसारको फलफूल पाइन्छ । उनीहरू कहिले मेवा, कहिले सुन्तला, कहिले आँप र लिची बेच्छन् ।

फलफूल बेच्दा फलफूलको बोक्रा, बियाँ र मानिसले प्राय: नखाने भाग पसलेले बाल्टिनमा जम्मा गर्छन् ।

एक जना युवक छन् रामलाल । उनी दिनदिनै साइकल चढेर गाउँबाट नारायणघाट बजारमा दूध बेच्न जान्छन् । फर्कने बेलामा उनी बसपार्क पुग्छन् । त्यहाँको फलफूल पसलमा थुप्रिएको फलफूलको बोक्रा र गुदी गाई भैँसीलाई ख्वाउन लैजान्छन् । उनलाई त्यहाँको चहलपहल, नेपालको तराइ, पहाड हिमालका मानिसहरूको लुगा हेर्दा र बोली सुन्दा रमाइलो लाग्छ ।

गाउँमा रामलालले पाँच कट्ठा जमिनमा केरा खेती गरेका थिए । केरा खेतीबाट राम्रो आम्दानी हुन्थ्यो । एक दिन उनले आफ्नो गोठको वरिपरि मेवाका सानासाना बेर्ना उम्रेको देखे । गाई भैँसीलाई ख्वाउन बजारबाट ल्याएको मेवाको गुदी र बियाँबाट ती बेर्ना उम्रेका थिए । रामलाललाई रमाइलो लाग्यो । उनले केही बेर्ना घर र गोठको वरिपरि रोपे । केही बेर्ना केराबारीको छेउछाउमा रोपे ।

वर्ष दिन नबित्दै रामलालको घर, गोठ वरिपरि र केरा बारीमा पनि मेवा फल्न थाल्यो । उनी निक्कै खुशी भए । केरासँगै उनले मेवा पनि बेच्न थाले । तर उनले तरकारी बजारबाट फलफूलको बोक्रा र गुदी ल्याउन छाडेनन् ।

वर्षा लाग्न लागेको थियो । एक दिन उनी बजारबाट साइकलमा फलफूलको बोक्रा र गुदी लिएर घर फर्कंदै थिए । बाटोमा स्कुल थियो । स्कुलको छेउमा नांगो चौर थियो । उनको मनमा एउटा विचार आयो । उनले वरिपरि हेरे । कोही थिएन । उनले चौरमा मेवाका बिउ छरिदिए र घरतिर लागे ।

अर्को दिन घर फर्कंदा उनले बाटो छेउको कसैको घरको करेसा बारीमा कसैले नदेख्ने गरी मेवाका बिउ छरिदिए । उनलाई अरूको करेसा बारी र आगनमा मेवाको बिउ छर्ने काम रमाइलो लाग्न थाल्यो । उनले

यो काम प्राय: दिनदिनै गर्न थाले । वर्षा लाग्दासम्म उनले नारायणघाट बजारदेखि गाउँसम्म बाटोको दायाँबायाँ पर्ने खाली जग्गामा मेवाको बिउ रोप्न बाकी राखेनन् ।

वर्षायाम नबित्दै बाटोको दुबै छेउका जग्गा, करेसा बारी र स्कुलको चौरमा मेवाका बेर्नाको झ्याङ नै देखिन थाले । कसैले 'आफै उम्रेको मेवा के राम्रो होला र !' भनेर बेर्ना उखेलेर फाले । कसैले अलि ठूलो भएपछि काटेर फाले । धेरै बेर्ना जाडोमा कठ्यांगिएर मरे । तर जसले मेवाको गुन बुझेका थिए तिनीहरूले बेर्नालाई जतनसँग जोगाएर



राखे । रामलालले त्यहाँ मेवाका बेर्ना कसरी उम्रे भन्ने कुरा कसैलाई पनि भनेनन् ।

अर्को वर्ष गर्मीयाम सुरु नहुँदै बाटोको छेउमा उम्रेर बाँचेका मेवाका बोटमा सेतासेता फूल फुल्न थाले । रामलाल खुशी भए । केही दिनपछि ती बोटमा मेवाका सानासाना फल फल्न थाले । रामलाल मनमनै मुसुक्क हाँसे ।

केही दिनपछि मेवा टिप्ने बेला पनि भयो ।

एक दिन रामलालले बाटोको छेऊको घरको आगनमा एक जना

किशोर मेवाको बोटमा चढेको देख्यो । उसले मेवा टिप्दै आफ्नी आमालाई दिँदै गरेको थियो । महिलाले भन्दै थिई, "मेवा खायो भने आँखा तेजिलो हुन्छ भनेर डाक्टर साहेब भन्नु हुन्थ्यो । अब मेरो छोराको आँखा तेजिलो हुने भयो । अब तिमी धेरै पढ्न सक्छौ । डाक्टर बन्न सक्छौ ।"

उनीहरूको कुरा सुनेर रामलाल दंग परे र खुशी हुँदै घरतिर लागे ।

अर्को दिन बाटो छेउको अर्को घरको आगनमा रामलालले एक जना मानिसले डोकोभरि मेवा राखेको र एउटी महिलाले पैसा गन्दै गरेकी देख्यो । महिलाले फलफूल व्यापारीलाई आफ्नो घरको आगनमा फलेको मेवा बेच्दै थिई । महिलाले भन्दै थिई, "बजारमा लग्यो भने चालिस रुपैयाँ किलो बिक्छ । पच्चीस रुपैयाँ किलोको भाउले पनि चालिस किलोको हजार रुपैयाँ भयो । यहाँ त आठ सय रुपैयाँ मात्रै छ । पच्चीस रुपैयाँ किलो भन्दा कममा त म दिन्न ।"

महिलाको बोलीमा आत्मविश्वास र हातमा पैसा देखेर रामलाललाई ठूलो सन्तोष र गर्व पनि लाग्यो । खुशी र सन्तोषले गर्दा उनलाई बादलमाथि उडेझैं भयो । साइकल कुदाउँदै उनी घर पुगे ।

स्कुलले पनि खाली चौरमा फलेको मेवा एक जना व्यापारीलाई एकमुष्ठ बेच्यो । त्यसबाट भएको आम्दानीबाट स्कुलले पुस्तकालयका लागि राम्राराम्रा बालपुस्तकहरू किन्यो ।

त्यो वर्ष बाटोमा पर्ने घरहरूले मेवा बेचेर भएको आम्दानीबाट धेरै काम गरे । मेवा बेच्ने महिलाले बाखाका पाठा किनेर हुर्काएर धेरै आम्दानी गरी । एक जनाले बाटो छेउमा नाङ्लो पसल सुरु गऱ्यो । कसैले पुराना ऋण तिरे । कसैले छोराछोरीको स्कुल फिस तिरे । कसैले किताबकापी किने । कसैले छोराछोरीलाई नयाँ स्कुल ड्रेस सिइदिए । कसैले राम्रो अस्पतालमा औषधी उपचार गर्न पाए । तर केहीले भने

जाँडरक्सी खाएर पैसा सिध्याएछन् । जे भए पनि मेवा फल्ने घरहरूले पहिलेभन्दा त्यो सालको दशैं अलि धरै खुशीसँग मनाए ।

रामलाललाई खुशी बाँड्ने लत लाग्यो । उनले बजार र गाउँको बीचमा पर्ने घरहरूमा मात्रै होइन अन्यत्र पनि खुशी बाँड्ने अठोट गरे । उनीसँग साइकल छँदै थियो । फलफूल पसलेहरूले मेवाका बिउ र गुदी सित्तैमा दिन्थे । उनले राजमार्गको दायाँबायाँ परपरसम्म पुगेर मेवाको बिउ छर्न थाले ।

बिहान सबेरै नारायणघाट बजारमा दूध छोडेपछि उनी मेवाका बियाँ बोकेर साइकलमा चढेर राजमार्गको कहिले पूर्व त कहिले पश्चिम जान्थे र साँझ घर फर्कन्थे । साँझ घर फर्कन सक्ने दुरीभन्दा टाढा उनी जाँदैन थे ।

साइकलमा चढेर अर्कोको जग्गामा मेवाको बिऊ छर्दै हिँडेका रामलाललाई देख्दा सुरुसरुमा त अरू मानिसले उनलाई सन्काहा हो कि भनेर पनि शंका गरे । तर तीन चार वर्षमा राजमार्गको दायाँबायाँ उनको मेहनतको फल फल्न थाल्यो । दायाँबायाँका घरहरूले उनलाई चिने । सुरुसुरुमा उनलाई शंका गर्नेहरूले पनि उनलाई माया र सम्मान गर्न थाले । बोलाएर चिया, खाजा ख्वाउन थाले । हुँदाहुँदा मानिसहरूले उनको वास्तविक नाम बिर्सेर उनलाई मेवालाल भनेर चिन्न थालेका छन् । अहिले उनी साइकलमा हिँड्दैनन् । राजमार्गमा चल्ने बसका ड्राइभर र स्टाफहरूले उनलाई चिनेका छन् । उनलाई जहाँ देखे पनि बोलाएर बस चढाउँछन् । बसमा चढेर उनी टाढाटाढा पुग्छन् र गाउँलेलाई मेवाको बिउ बाँड्छन् । मेवाको गुन बताउँछन् । अनि मेवा खेती कसरी गर्ने भनेर सिकाउँछन् ।

केही दिनअघि गाउँमा संचालन भएको गरिबी निवारण कार्यक्रमले रामलालको सेवाको कदर गर्दै उनलाई दोसल्ला ओढाएर सम्मान गऱ्यो । यस्तै गरी राजमार्गका दायाँबायाँका गाउँमा संचालित स्वास्थ्य




सेवा कार्यक्रम, वातावरण संरक्षण कार्यक्रम, विद्यालय व्यवस्थापन समितिहरूले उनलाई पुरस्कार, पदक र प्रशंसापत्र पनि दिए । वरिपरिका गाउँका समाजसेवी संघसंस्थाहरूले उनलाई धेरै पटक सम्मान गरिसकेका छन् ।

तर मेवालाल भन्छन्, "मानिसको अनुहारमा देखिने खुशी नै मेरो लागि सबैभन्दा ठूलो पुरस्कार हो ।"

*२६ नवेम्बर २०११ ।*

*नागरिक दैनिकको जुनकिरीमा २०६८ पुस २ गते पहिलो पटक प्रकाशित ।*

# गुलेलीभन्दा गुनिलो



मिलनको हातमा गुलेली देखेर ब्रगैंचाका चराहरूमाझ खैलाबैला मच्चियो । "अब यो बगैंचामा हामी नबसे पनि भयो ।" जुरेलीले सिरको जुरो हल्लाउँदै भन्यो ।

"मैले गुँड बनाइ सकेकी छु । अब कहाँ जाने लौ ?" ढुकुरले आत्तिँदै भनी ।

"मैले त गुँडमा फुल पनि पारिसकेकी छु । अब कसरी अन्त जाने ?" सारीकोटाले चिन्तित हुँदै दुखेसो पोखिन् ।

मिलनको घर वरिपरि बगैंचामा अम्बा, लिची, आँप, मेवा, अनार, हलुवाबेद, सुन्तला आदि विभिन्न प्रकारका फलफूलका रुखहरू थिए । यसैले त्यहाँ चरा र मौरी पनि आउँथे । मिलनका बाले विकासे घारमा मौरी पनि पालेका थिए । मह र फलफूल बेचेर उनले राम्रै आम्दानी गर्थे ।

तर यस पालि भने मिलनले बारीको अम्बा चाख्नै पाएन । चराले अम्बा खाएर हैरान पार्‍यो । यसैले मिलनले चरा मार्न भनेर गुलेली किनेर ल्यायो ।

तर अम्बा चोर अर्कै थियो । राती चमेराहरू आएर अम्बा खान्थे र बिहानै उडेर जान्थे । अम्बा खाएको दोष बिचरा चराहरूमाथि लाग्थ्यो ।

कौवा चलाख थियो । उसले अरू चरालाई भन्यो, "यो सबै कर्तुत चमेराको हो । उसले बिज्याइँ गर्छ । त्यसको सजाय हामीले पाउँछौं । यो त अन्याय भयो ।"

कौवाको कुरा ठिक थियो । तर मिलनलाई यो कुरा थाहा थिएन । मिलनको गुलेलीको निशान बन्नबाट कसरी जोगिने ? चराहरूले सल्लाह गर्न थाले ।

"म त यहाँ बस्दिन बसाइ सर्छु ।" भंगेरीले भनी ।

"त्यसरी नआत्तिऊ न । केही न केही उपाय त निस्कला नि । यसरी डराएर भागेर हुन्छ ? सबै जनाले बसाइ सर्न सक्तैन नि ।" जुरेलीले सम्झाउन खोज्यो ।

कौवाले ठूलो स्वरले भन्न थाल्यो, "हामी यसरी हेपिएर बस्नु हुँदैन । हामीलाई कसैले मार्न खोज्छ भने उसलाई हामीले बदला



लिनुपर्छ । मिलनले गुलेलीले हान्न थाल्यो भने हामी सबै मिलेर उसलाई ठुङ्न थालौं । अनि उसले गुलेली चलाउने हिम्मतै गर्दैन ।"

"मिलनमाथि जाइलाग्यो भने त उसको बाले बन्दुक लिएर आउला नि । घरभित्रबाट हामीलाई ताकीताकी गोली हान्यो भने के गर्ने । यस्तो काम त नगरौं ।" सारीकोटाले डराउँदै भनी ।

"त्यसो भए हामीले चमेराहरूसँगै सल्लाह गरौं न त । आखिर यो समस्या ल्याएको उनीहरूले नै हो । उनीहरूले नै उपाय निकाल्छन् कि ?" ढुकुरले भनी । उसको कुरा सबैले माने ।

राती चमेराहरू बगैंचामा अम्बा खान आए । उनीहरूले पेटभरि अम्बा खाइसकेपछि चराहरू उनीहरूको नजिक गए । चराहरूले चमेराका अगुवासँग परिचय र भलाकुसारी गर्दै भने, "हाम्रो बगैंचामा तपाईंहरूलाई स्वागत छ ।"

चराहरूले स्वागत गरेको देखेर चमेराहरू खुशी भए । अनि अगुवा चमेराले भन्यो, "हिंजो अस्ति हामी यहाँ आउँदा तपाईंहरू निदाइसक्नु हुन्थ्यो । आज कसरी यति बेलासम्म नसुती बस्नु भएको ? केही समस्या पर्‍यो कि ?"

"हो, हामी ठूलो समस्यामा परेका छौं । यसैले तपाईहरूसँग मदत माग्न आएको । तपाईं बडो बुद्धिमान हुनुहुंदो रहेछ । हामीलाई समस्या परेको कुरा थाहा पाउनु भएछ । धन्यवाद छ ।"

चराहरूको कुरा सुनेर अगुवाले खुशी हुँदै भन्यो, "के समस्या पर्‍यो ? भन्नुस् न हामीले सक्ने मदत गरिहाल्छौं नि ।"

अगुवा चमेरोको कुरा सुनेर चराहरूको हिम्मत बढ्यो । बगैंचाका अम्बा खाएको दोष चराहरूमाथि लगाएर उनीहरूलाई त्यहाँबाट धपाउन र मार्न खोजेको कुरा चराहरूले बताए ।

"यसमा हामीले तपाईंहरूको के मदत गर्न सक्छौं र ? हामीलाई यहाँको अम्बा नखाई हुँदैन । के गर्ने ?" अगुवाले भन्यो ।

ढुकुरले हिम्मत गर्दै अगुवासँग सोधी, "तपाईंहरू कहाँ बस्नु हुन्छ नि ?"

# जाँतेकिराको घुमघाम



धेरै दिन पानी परेपछि एक दिन घाम लाग्यो । पातभित्र लुकेर बसेको जाँतेकिरा बाहिर निस्क्यो । उसलाई भोक पनि लागेको थियो । ऊ खानेकुरा खोज्न निस्क्यो ।

बारीमा फूलका बिरुवाहरू माथि पुतली उडिरहेको थियो । पुतलीले जाँतेकिरा बिस्तारै पातबाट निस्केर भुइँमा झर्न लागेको देख्यो । उसले जाँतेकिरासँग सोध्यो, "जाँते दाइ कहाँ जान लागेको ?"

"भोक लागेर खानेकुरा खोज्न जान लागेको जाँतेकिराले भन्यो ।"

"मलाई भोक ल्याग्यो भने फूलको रस खान्छु । कति मिठो हुन्छ फूलको रस । तिमी किन खान्नौ फूलको रस ?"

जाँतेकिराले भन्यो, "फूलको रस खान पाए त बेसै हुथ्यो नि तर कहाँबाट पाउने फूलको रस ?"

"म जस्तै उडेर फूलमाथि बस अनि रस चुस । कस्तो मज्जा आउँछ ।" पुतलीले भन्यो ।

"कहाँबाट पाउँ पखेटा र म उडुँ ? तिम्रो पखेटा सापट दिन सक्छौ ?"

"नाइँ म त दिन सक्तिन ।" भन्दै पुतली उडेर अन्तै गयो ।

एउटा फटेङ्ग्रा पातमाथि बसेर केही कुरा खाँदै थियो । फटेङ्ग्राले जाँते किरालाई देख्यो र चिच्यायो, "नमस्ते जाँते भाइ कता जान लागेको ?"

"नमस्ते फटेङ्ग्रा दाइ । साह्रै भोक लागेर खानेकुरा खोज्न जान लागेको ।" जाँतेकिराले जवाफ दियो ।

"यो बारीको छेउमा धेरै किराहरू छन् । म जस्तै बुरुक्क उफ्रेर जाऊ र किरा टिपेर खाए त भइ हाल्यो नि ।" फटेङ्ग्राले भन्यो ।

"ए, हो र ? त्यसो भए मलाई तिम्रा लामालामा र मसिना खुट्टा एकछिन सापट देऊ न है । म पनि उफ्रेर गएर किरा टिपेर खान्छु ।" जाँतेकिराले फटेङ्ग्रासँग अनुरोध गऱ्यो ।



"हुन्न । मैले कसरी दिने मेरा खुट्टा तिमीलाई । तिमी आफ्नै खुट्टाले उफ्रनु पर्छ ।" भन्दै फटेङ्ग्रा उफ्रेर पर पुग्यो ।

जाँतेकिरा विस्तारै तल भुइँमा पुग्नै लागेको थियो । त्यही बेला एउटा लोखर्के पाकेको बयर मुखमा राखेर आफ्नो टोड्कोतिर जान लागेको थियो । उसले जाँतेकिरालाई देख्यो ।

"नमस्ते जाँते भाइ । के गर्दै छौ ?" लोखर्केले सोध्यो ।

"नमस्ते लोखर्के दाइ । के गर्नु र । धेरै दिन पानी परेपछि आज बल्ल घाम लागेको छ । त्यसैले खानेकुरा खोज्न जान लागेको ।" जाँतेकिराले जवाफ दियो ।



"ए, त्यसो भए बेसै भयो । तिमीलाई टाढा जानु परेन । यो बारीको माझमा अग्लो बयरको बोट छ । त्यसको टुप्पामा कति मिठा राताराता बयर पाकेका छन् । त्यहीं गएर पेटभरि बयर खाऊ न ।"


लोखर्केको कुरा सुनेर जाँतेकिरा छक्कै पर्‍यो । उसले त्यति अग्लो रुख कसरी चढ्ने भनेर लोखर्केसँग सोध्नै आँटेको थियो । तर लोखर्के खुरुरु आफ्नो टोड्कातिर दौडिहाल्यो ।

जाँतेकिरा आफ्नै सुरले भुईंमा घस्रिँदै थियो । अचानक उसको भेट भ्यागुतासँग भयो । भ्यागुताले भन्यो, "जाँते भाइ धेरै दिन भयो नि भेट नभएको ? पानी परेर कस्तो रमाइलो भयो । तिमी त निस्कँदै निस्केनौ ।"

"हो, भ्यागुता दाइ । पानी पर्दा तपाईंलाई रमाइलो लाग्छ होला, मलाई त दिक्क लाग्छ । आज बल्ल घाम लागेकोले खानेकुरा खोज्न

निस्कन लागेको छु ।" जाँतेकिराले भ्यागुतालाई भन्यो ।

"यस्तो मामुली कुरामा पनि अल्झिने हो र ? मलाई हेर । भोक लाग्यो भने कहिले बाहिर हावामा उफ्रेर किरा समात्छु र खान्छु । कहिले पानीभित्र पौडन्छु र पानीभित्रका किरा र लेऊ खान्छु । तिमीले पनि मैले जस्तै गरे हुँदैन ?" भ्यागुताले हाँसीहाँसी भन्यो र उफ्रेर अन्तै गयो ।



भ्यागुताको कुरा सुनेर जाँतेकिरा छक्क पर्‍यो । आफ्नो मर्का नबुझिदिएकोमा उसलाई दुःख पनि लाग्यो ।

विचरा जाँतेकिरा यताउता हेर्दै लामो सिङ चारैतिर घुमाउँदै खानेकुरा खोज्दै थियो । वरिपरि फूलहरू फुलेका थिए । उसले पुतलीले फूलको रस खाऊ भनेको सम्झ्यो । तर ती फूलहरूसम्म पुग्ने उपाय थिएन ।

जाँतेकिराले फटेङ्ग्राले बारीको छेउमा धेरै किराहरू छन् भनेको सम्झ्यो । तर त्यहाँ पुग्न उसँग लामा खुट्टा थिएनन् ।

जाँते किराले अग्लो बयरको बोटलाई सम्झ्यो । तर ऊ लोखर्के जस्तो गरी रुख चढ्न सक्तैनथ्यो ।

अनि उसले भ्यागुतालाई पनि सम्झ्यो । तर ऊ हावामा उफ्रन र पानीमा पौडन सक्तैनथ्यो ।

आखिरमा उसले आफ्नो पुरानो साथी गाइनेकिरालाई सम्झ्यो । ऊ पँधेराको छेऊमा बस्थ्यो । गाइनेकिराले उसलाई खाँचो परेको बेलामा मदत गर्छु भनेको थियो ।

जाँतेकिराले आकाशतिर हेर्‍यो । संयोगले गाइनेकिरा ऊतिर नै आउँदै थियो ।

जाँतेकिराले आफ्ना सिङ उचालेर चारैतिर घुमायो र म यहाँ छु भन्ने संकेत थियो । गाइनेकिरा हान्निएर उसको छेऊमा आएर बस्यो ।

"सँच्चै छ मिज्जु ? यत्तिका दिन कहाँ हराउनु भएको ?" गाइनेकिराले सोध्यो ।

"सँचै छ । तपाईंलाई कस्तो छ नि । म त धेरै दिन पानी परेकोले घरभित्रै बसेँ । आज बल्ल घाम लागेकोले बाहिर निस्केको ।" जाँतेकिराले जवाफ दियो ।

"कत्तिको भोक लागेको छ नि मिज्जु ?" गाइनेकिराले सोध्यो ।

"भोकको कुरै नगर्नुस् । यत्तिका दिनसम्म मुखमा केही परेको छैन । भोकले पेट नै बाटारिन थालेको छ ।"

"लौ, त्यसो भए मेरो के काम ? जाउँ मेरो घरमा ।" गाइनेकिराले भन्यो ।

"मिज्जुको जस्तै पखेटा भएको भए त म पनि उडेर कहाँकहाँ पुग्थेँ । फूलको रस र मिठामिठा कुरा खान्थेँ ।" जाँतेकिराले दुखेसो पोख्यो ।

"किन चाहियो पखेटा ! मैले ट्याप्प टिपेर तपाईंले भनेको ठाउँमा पुर्‍याइदिन्छु । लौ तयार हुनुस् है ।" भन्दै गाइनेकिराले जाँतेकिराको गोलो साह्रो जाँतोलाई खुट्टाले अँठ्याएर उड्न तयार भयो ।

"के गर्नु भएको मिज्जु ? मलाई डर लाग्छ । तपाईंको खुट्टाबाट खसेँ भने त ठहरै हुन्छु ।" जाँतेकिराले डरले आत्तिँदै भन्यो ।

"डराउनु पर्दैन मिज्जु । लौ कहाँ जाने भन्नुस् ।" गाइनेकिराले जाँतेकिरालाई बोक्दै भन्यो ।



"मलाई त बयर खान मनलागेको छ ।" जाँतेकिराले भन्यो ।

जाँतेकिराको कुरा टुँगिन नपाउँदै गाइनेकिराले उसलाई बयरको अग्लो बोटको टुप्पामा पुर्‍यादियो ।

जाँतेकिराले खुशी हुँदै भन्यो, "हिँडेर यहाँ आउनु परेको भए मलाई चारपाँच दिन लाग्थ्यो । तपाईंले त एक मिनेटभन्दा चाँडै मलाई यहाँ पुर्‍याइदिनु भयो ।"


"साथी भएर त्यति पनि गर्न नसके केको साथी ? लौ अब केही दिन यतै बसेर मिठामिठा बयर खानुस् । म फेरि आउँछु । शत्रु चराबाट सतर्क हुनु होला नि । लौ बिदा !" भन्दै गाइनेकिरा उडेर गयो ।

जाँतेकिरा खुशी हुँदै पाकेका बयर खान थाल्यो ।

*५ मार्च २०१२*

*कान्तिपुर कोपिलामा मिति २०६८ चैत्र २६ गते पहिलो पटक प्रकाशित ।*

# सानो मुसाको ठूलो अठोट



सानो मुसाको ठूलो अठोट

"किन रोएको साने ? के भयो ? कसले के गर्‍यो । तिम्रो हात्मा त रगत लागेको छ नि । कसरी लाग्यो ?" रुँदै आमाको छेउमा आएको सानो मुसासँग आमाले आत्तिँदै सोधिन् ।

"ढाडे बिरालोले झण्डैले मारेको !" भाँचिएको पुच्छर देखाउँदै सानो मुसाले भन्यो ।

"बिचरा पुच्छर चुँडिनै लागेको रहेछ । धन्य हड्डी छुट्टिएको छैन । औषधी राखे निको हुन्छ । नआत्तिऊ ।" आमाले सानोलाई ढाडस दिँदै भनिन् । उनले सानोको घाउमा मलम औषधी दलिदिइन् ।

दुख्न अलि कम भएपछि सानोले आमासँग सोध्यो, "त्यो ढाडे बिरालोले किन हामीलाई यसरी दुःख दिन्छ ? हामीले उसको के बिराएका छौं र आमा ? देख्यो कि झम्टिहाल्छ ।"

आमाले भनिन्, "हामीलाई मार्नकै लागि त घरपेटीले त्यसलाई


पालेको हो नि । त्यसले हामीलाई मारेन भने त उसको जागिरै जान्छ ।"

"हामीले घरपेटीको के बिराएका छौं र उसले हामीलाई मार्न ढाडेलाई पाल्नु परेको ?" सानोले जान्न खोज्यो ।

आमाले सम्झाउन खोज्दै सोधिन्, "हिजो राती तिमीले केके खायौ भन त ।"

"हिजो त अचम्मै भयो नि आमा । भान्छाको टेबुलमा सेलरोटी, लड्डु, बटुक, फलफुल, मिठाइ केके राखेको रैछ । मैले धेरै सेल र बटुक खाएँ । टेबुलको माझमा ठूलो बट्टामा मगमग बास आउने खाने कुरा राखेको रैछ । त्यसभित्र जन्मदिनको केक राखेको छ भनेर मोटेले भन्थ्यो । त्यो त खोल्नै सकिएन ।" सानोले उत्साहित हुँदै भन्यो ।

"ए, कसको जन्मदिन रहेछ हिजो ? घरपेटीकी सानी छोरीको



जन्मदिन होला ।" आमाले अडकल गर्दै भनिन् ।

"जन्मदिन हिजो होइन आज हो आमा । हिजो त टेबुलमा सामान ठिक्क पारेको होला । त्यही सानी नानीको जन्मदिन हेर्न लाग्दा त हो नि मलाई ढाडेले झुक्याएको ।" सानोले स्पष्ट पार्न खोज्यो ।

"अनि त्यसरी जन्मदिनको लागि सजाएको खानेकुरा तिमीहरूले खाइ दिँदा घरपेटीलाई रिस उठ्दैन त ? त्यसैले त घरपेटीले बिरालो पालेको नि । मुसा नभए पछि त उसको भान्छाको खानेकुरा पनि


जोगिन्छ । भण्डारमा राखेको दाल, चामल, तरकारी, फलफूल पनि जोगिन्छ ।" आमाले भनिन् ।

"बिरालो पाल्नुको कारण त्यति मात्रै होला त आमा ? त्यसो हो भने हामीले के खाएर पेट भर्ने नि ?" सानोले फेरि सोध्यो ।

"मुख्य कारण त्यही हो ।" आमाले जवाफ दिइन् ।

"मानिस कति ठूला छन् । उनीहरूको दाँजोमा हामी मुसा कति साना छौं । हामीले खाँदैमा मानिसको कति नै ठूलो नोक्सान हुन्छ र ? हामीलाई त मानिसले खानेकुरा यताउता गर्दा पोखिएको र रछ्यानमा फ्याँकिएको खानेकुरा भए पनि पुग्छ । पुग्दैन र आमा ?" सानेले जान्न खोज्यो ।

आमाले मुसुक्क हाँस्दै भनिन्, "तिम्रो कुरा ठिक हो । हामी मुसाले कति नै खान्छौं र ! तर हामी मुसालाई पेट भरेर मात्रै चित्त बुझ्दैन । जे कुरा देखे पनि कोतर्नु पर्छ । एक मुठी चामल खान चामलको सिंगै बोरामा प्वाल पारेर चामल पोखाइदिन्छौं । नयाँनयाँ लुगा



काट्छौं । खानेभन्दा नोक्सान धेरै । त्यसो गरेपछि मानिसलाई रिस उठ्ने नै भयो ।"

"तर आमा मेरो दाँत साह्रै चिलाउँछ । खानेकुरा मात्रै होइन साह्रो कुरा देख्यो कि कोतर्न मन लाग्छ । किन यस्तो हुन्छ कुन्नी ?" सानोले सोध्यो ।

"हाम्रो जातको यही त कमजोरी छ । हाम्रो दाँत दिनदिनै बढ्छ । साह्रो कुरामा घोटेन भने दाँत मुखभन्दा बाहिर आउँछ । त्यसैले पनि जे देख्यो त्यो कोतर्न मन लाग्छ ।..."

आमाको कुरा बीचैमा काट्दै सानोले सोध्यो, "आमा मैले मानिसले दाँत घोटेको देखेको छु । कसैले बालुवाले, कसैले रुखको हाँगाले अनि कसैले ब्रुसले दाँत घोट्छन् । उनीहरूको पनि दाँत बढ्ने भएर त्यसो गरेको हो कि आमा ? त्यसो हो भने त मैले पनि दिनदिनै खस्रो बालुवाले दाँत घोट्ने थिएँ ।"

सानोको कुरा सुनेर आमालाई हाँसो उठ्यो । उनले भनिन्, "मानिसले त केके कुरा खान्छ, दाँतमा अडकन्छ, अनि दाँत कुहुन्छ भनेर दिनदिनै ब्रुसले दाँत माझ्ने गर्छ । दाँत बढ्यो भनेर घोटेको होइन ।"

"मानिसले दाँत माझेझैं हामीले पनि दिनदिनै खस्रो कुराले दाँत घोट्ने गरे हुँदैन आमा ?" सानोले उत्साहित हुँदै सोध्यो ।

"त्यही गरेको त हो नि साने । तर घोट्नु पर्ने बस्तुमा दाँत नघोटी खानेकुरा कोतर्दा मानिस हाम्रो शत्रु भएको हो । हामीलाई मार्न मानिसले बिरालो पाल्ने, धराप थाप्ने, बीष ख्वाउने खास कारण यही हो ।"

आमाको कुरा सुनेर सानो मुसा गम्भीर भयो । उसले भन्यो, "आमा अबदेखि मैले दाँत चिलायो भने ढुँगामा घोट्छु । खानेकुरा कोतर्ने, बिगार्ने, पोख्ने, नोक्सान गर्ने काम गर्दिन ।"

"अनि कसरी पेट भर्छौ त ? भोक लाग्दा के गर्छौ ?" आमाले सोधिन् ।

सानोले भन्यो, "मानिसले पकाउँदा, खाँदा पोखिएको

खानेकुराले नै मैले पेट भर्न सक्छु । भएन भने रछ्यानमा फ्याँकिएको कुरा खाएर पनि पेट भर्छु । मानिसले मेहनत गरेर सँगालेको अन्नपात पोख्ने बिगार्ने, लुगा काट्ने काम गर्दिन आमा !"

"तिमी एक्लैले गरेर हुन्छ र ? सबै मिलेर अठोट गऱ्यो भने मात्रै होला । एक्लै गरेर के होला र खै ?" आमाले शंका पोखिन् ।

"तपाईंको कुरा त ठिकै हो । तर सबैलाई सम्झाएर एकैचोटि सुरु गर्न गाह्रो छ आमा । राम्रो कुरा त एक्लैले सुरु गरे पनि हुन्छ भनेर तपाईंले नै सिकाउन भएको होइन र ? आफूले सुरु गरे पो साथीहरूलाई पनि भन्न सजिलो हुन्छ । अनि साथीहरू बढ्दै गएपछि एक दिन सफल भइएला नि ।" सानोले दरोसँग भन्यो ।

उसको कुरा सुनेर आमा खुशी भइन् र उनले सानोलाई गम्लंग अँगालोमा कसिन् र उसलाई मन पर्ने भुटेको बदाम खान दिइन् ।

*१५ मे २००९ ।*

*सिफारिस मासिक २०६६ साउनको अंकमा पहिलो पटक प्रकाशित ।*

# सेरू फेरियो



"यो कुकुर साह्रै अल्छी भएको छ । दिनभरि सुतिरहन्छ । नचिनेको मानिस घरमा आए पनि भुक्तैन । मैले त अर्को कुकुर ल्याउने विचार गरें । यसलाई नगरपालिकाको जिम्मा लाइदिन्छु ।" राजुका बाले मोबाइलफोनमा कसैसँग भन्दैथियो । त्यो कुरा सुनेर पाटे बिरालो छाँगोबाट खसेजस्तो भयो ।

राजुका बाले सेरुलाई घरमा ल्याएको वर्ष दिन पनि भएको थिएन । राजुकी आमाले पनि उसलाई धेरै माया गर्थिन् । राजु स्कुल जाँदा सेरुको कान र गाला नमुसारी जाँदैनथ्यो । स्कुलबाट फर्कंदा बाकी रहेको खाजा उसलाई खान दिन्थ्यो ।


घरको रेखदेख गर्न सेरु राम्रो जातको कुकुर मानिन्थ्यो । सुरुसुरुमा त ऊ चारपाँच घरपर गल्लीमा कोही मानिस आए पनि भुक्न थाल्थ्यो ।

उसको स्वर अरू कुकरको भन्दा बेग्लै थियो । दिनभरि ऊ मूलढोकाको छेउमा बस्थ्यो । राती घरवरिपरि घुमिरहन्थ्यो ।

सुरुमा सेरुले पाटे बिरालोलाई देखी सहन्नथ्यो । तर एउटै घरमा बस्ने र एउटै भान्छामा पाकेको खानेकुरा खाने भएपछि कति दिन नमिली बस्न सक्थ्यो र ! पछि त सेरु र पाटेको मित्रता यति बढ्यो कि उनीहरू सँगै खेल्दै गफ गर्दै बस्न थाले ।

आफ्नो मिल्ने साथीलाई नगरपालिकाको भुस्याहा कुकुर समात्ने मानिसको जिम्मा लाइदिन लागेको कुरा सुनेर पाटेलाई साह्रै पिर पर्‌यो । राजुका बा अफिसमा जाने बित्तिकै ऊ सेरुलाई भेट्‌न गयो । उसले गम्भीर हुँदै भन्यो, "हेर सेरु तँलाई त नागरपालिकाको भुस्याहा कुकुर समात्ने गाडीमा राखेर पठाउने भएको छ । थाहा छ कि छैन ?"

"हो र ?" सेरुले पाटेको कुरा पत्याएन । उसले भन्यो, "मलाई



घरका मालिक मालिक्नी र राजुले कति माया गर्छन् ! तँलाई के थाहा ? कसले भन्यो यस्तो नचाहिने कुरा ?"

सेरुको कुरा सुनेर पाटे हाँस्यो । उसले भन्यो, "हेर तैँले मासिलाई चिनैकै रहेनछस् । यो घरमा तँलाईभन्दा धेरै माया गर्ने अरू कुकुरहरू पनि थिए । तर मालिकलाई चित्त नबुझ्ने बित्तिकै नगरपालिकाको जिम्मा लाइदिए ।"

पाटेको कुरा सुनेर सेरुको मनमा अलिकति चिसो पस्यो । केही दिनअघि मालिकले आगनमा घाम ताप्दै कुकुरहरूको फोटो भएको एल्बम पल्टाएको सम्झ्यो । पक्कै पनि मालिकले अर्को कुकुर किन्न एल्बम हेरेको हुनुपर्छ भन्ने उसलाई लाग्यो । उसको मुटु जोड्जोड्ले ढुकढुक गर्न थाल्यो । उसले निराश स्वरमा पाटेसँग सोध्यो, "होइन मालिकले किन मेरो सट्टा अर्को कुकर ल्याउन खोजेको होला ?"

पाटेले ऊसँगै सोध्यो, "मानिसले कुखुरा, बाख्रा, गाई, भैँसी किन पाल्छ तँलाई थाहा छ ?"

"कुखुराले फुल पार्छ, बाख्राले मासु दिन्छ, गाई भैँसीले दूध दिन्छ । त्यसैले पाल्छ नि । त्यति पनि थाहा हुँदैन र ?" सेरुले जवाफ दियो ।

"अनि कुकुर र बिरालोले के दिन्छ र मानिसले माया गरेर पाल्छ ?" पाटेले फेरि सोध्यो ।

"कुकुरले घरको रखवारी गर्छ । बिरालोले भण्डारको रखवारी गर्छ । त्यसैले उसले हामीलाई पाल्छ । यति कुरा त जसलाई पनि थाहा हुन्छ नि के कुरा गरेको ?" सेरुले भन्यो ।

"हो । तिमीले ठिक कुरा गर्‍यौ । त्यसो भए तिमीले घरको रखबारी गर्ने काम ठिकसँग गरेका छौ त ?" पाटेले सोध्यो ।

"किन नगर्नु ? मालिक, मलिक्नी र राजुलाई देख्ने बित्तिकै पुच्छर हल्लाएर माया गरेकै छु ।" सेरुले जवाफ दियो ।

"तर तेरो मुख्य काम पुच्छर हल्लाउने र चाकरी गर्ने त होइन



नि । तेरो काम त बाहिरबाट नयाँ मानिस आउँदा भुकेर जानकारी गराउनु हो । घर भित्र नचिनेको मानिस पस्यो भने त्यसलाई सके समात्नु नसके भगाउनु हो । हो कि होइन भन त ।" पाटेले सम्झाउन खोज्यो । "तर अचेल तँ साह्रै अल्छी भएको छस् । तँ भुकेको यो टोलका मानिसले नसुनेको धेरै दिन भइसक्यो । एक साताअघि मात्रै छिमेकको घरमा चोर पसेको तैँले थाहै पाइनस् । थाहा पाए पनि चुप लागेर बसिस् । त्यसो भएपछि मालिकले तँलाई किन दिनदिनै मासु र भात ख्वाएर राख्छ लौ भन् त ।"

पाटेको कुरा सुनेर सेरु झसँग भयो । उसले आफ्नो गल्ती थाहा पायो । तैपनि आफूलाई बचाउन खोज्दै उसले भन्यो, "तेरो कुरा ठिक हो पाटे । तर यसमा मेरो मात्रै दोष छैन । मलाई मालिकहरूले चाहिने भन्दा धेरै ख्वाउँछन् । दिनदिनै मासुभात, दूध दिन्छन् । घरमा मासु

ल्यायो भने बोसो र छाला मेरै भागमा राखिदिन्छन् । त्यसमाथि राजुले आफ्नो खाजाबाट केक, आलुचिप्स, पकौडाजस्ता चिल्लो कुरा ख्वाउँछ । मैले खाइन भने उल्टै रिसाउँछन् । कतै जानु पर्‍यो भने गाडीमा राखेर लैजान्छन् । हेर न अब त राम्ररी हिँड्न पनि सक्तिन । दगुर्ने त के कुरा !"



सेरुको कुरा सुनेर पाटेलाई टिठ लाग्यो । उसले भन्यो, "हेर सेरु, आफ्नो जिउको आफै बिचार गर्नुपर्छ । खान दियो भन्दैमा जथाभावी खानु हुँदैन । अनि मुख्य कुरा खाएपछि अल्छी गर्नु हुँदैन ।

पहिलेझैं मसँग खेल्ने दगुर्ने गरेको भए तेरो भुँडी लाग्ने थिएन । जिऊ हल्का र फुर्तिलो हुन्थ्यो । अब पछुताएर के गर्ने ? कुन दिन नगरपालिकाको गाडी आउँछ र तँलाई लैजान्छ ।"


नगरपालिकाको गाडीको कुरा सुनेर सेरुको आँग जिरिंग भयो । उसले टिठलाग्दो स्वरमा भन्यो, "अब म के गरुँ त पाटे ? मलाई बचाऊ । म तिम्रो गुन कहिल्यै बिर्सने छैन ।"

सेरुको कुरा सुनेर पाटेको मन पग्लियो । उसले सेरुको कानमा केही कुरा भन्यो । त्यसपछि सेरुको अनुहार उज्यालो हुँदै आयो । उसको फूर्ती नै बेग्लै भयो । मालिक अफिसबाट फर्कंदा उसले परैबाट ठूलो स्वरले स्वागत गर्‍यो । राजुसँग लडीबुडी गरेर खेल्यो । तर उसले दिएको चकलेट र केक खाएन । उसलाई मासुभात र चकलेटभन्दा आफ्नो जिउ प्यारो लाग्यो । उसले मेहनतसाथ घरको रखवारी गर्न थाल्यो । राती खित्रिक्क आवाज आउने बित्तिकै ऊ टोलै व्युँझने गरी भुक्यो । धेरै पटक भुक्यो ।

*२१ जुन २००९*

*नागरिक दैनिकको जुनकिरीमा २०६६ भदौ ६ गते पहिलो पटक प्रकाशित ।*

# बिरालोको सम्मान



"बिरालोको घाँटीमा घण्टी बाँध्ने समस्याले हामीलाई कहिल्यै छोडेन । अब यो कुरामा समय खेर नफालौँ । बरु सकिन्छ भने अरू कुनै उपाय निकालौँ ।" दाह्रीवाल मुसाले जुँगा मुसार्दै भन्यो ।

"यो हामी मुसा जातिको जीवनमरणको समस्या हो । यस्तो महत्वपूर्ण समस्यालाई त्यत्तिकै छाड्न कहाँ हुन्छ ?" तन्नेरी मुसाले कुरा काट्यो ।

"हामीभन्दा पहिले पनि यो विषयमा धेरै छलफल भइसकेको छ । बिरालोको घाँटीमा घण्टी बाँध्ने कोसिस गर्दा धेरै मुसा सहिद भइसकेका छन् । कथंकदाचित कोही सफल भए पनि बिरालोले धेरै दिनसम्म घाँटीमा घण्टी बाँधेर बस्दैन । चुँडालेर फालिहाल्छ । यसैले अब बिरालोको घाँटीमा घण्टी बाँध्ने योजना छाडिदिउँ भनेको हो ।" दाह्रीवाल मुसाले आफ्नो कुरा मनाउन खोज्दै थियो ।

तर यसैबीच एउटा दुब्ले मुसा उभिएर सबैको ध्यान आफूतिर

तान्न खोज्यो । उसले बिरालोको नक्कल गर्दै जोडले "म्याउँ" गरेर चिच्यायो । सबै मुसाका कान ठाडा भए । बिरालो आयो कि भनेर सबै चनाखा भए । अनि दुब्ले मुसाले ताली बजाउँदै सबैको ध्यान आफूतिर तान्यो र बिरालोको घाँटीमा घण्टी झुण्ड्याउने नयाँ उपाय सुनायो ।

दुब्ले मुसाको कुरा सुनेर धेरैजसो मुसाहरू हाँसे । उसको कुरा धेरैले पत्याएनन् । तर दुईचार मुसाहरूले उसको समर्थन गर्दै भने, "दुब्लेले भनेको उपाय एक पल्ट प्रयास गरे के बिग्र्यो र ?"

अनि एक दिन दुब्लेको योजना अनुसार मुसाहरूले ठूलो सभाको आयोजना गरे । सभाको प्रमुख अतिथिको रूपमा ढाडे बिरालोलाई निम्ता गरियो । टोलका अरू बिरालाहरूलाई पनि निम्तो पठाइयो ।

खिर खाने लोभले टोलका सबै बिरालाहरू मुसाहरूको सभामा भाग लिन आए । सभामा आएका बिरालाहरूलाई आयोजक मुसाहरूले स्वागत गर्दै मंचमा राखे । ढाडे बिरालोलाई प्रमुख अतिथिको आसनमा बसाले भने अरू बिरालाहरूलाई उनीहरूको बल र उमेर अनुसार मेलैसँग मंचमा आसन ग्रहण गर्न लगाए । मुसाहरूले गरेको सम्मान र सभाको प्रवन्ध देखेर बिरालाहरू मख्ख परे । दाह्रीवाल मुसाको सभापतित्वमा सभाको कार्यक्रम सुरु भयो ।

सर्वप्रथम दाह्रीवाल मुसाले ढाडे बिरालोलाई माला लाएर सम्मान गऱ्यो । त्यसपछि मेलैसँग अरू बिरालाहरूको सम्मान गरियो । यसैबीच दुब्ले मुसाले स्वागत भाषण गर्दै भन्यो, "यो एक्काइसौं शताब्दी शान्ति र मित्रताको शताब्दी हो । शत्रुलाई मारेर खाने र पेट भर्ने जमाना गयो । मासु खान मन लाग्यो भने मानिसहरूले आफैले काटमार गर्दैनन् । होटलबाट झिकाएर खान्छन् । अब मुसा र बिरालोले पनि पुस्तौंको शत्रुता त्यागेर मिलेर बस्नुपर्छ । यसैले हामी मुसा जातिले हाम्रा मित्र बिरालाहरूलाई मेलमिलापको आह्वान गर्दै यो सम्मानको कार्यक्रमको आयोजना गरेका हौं ।"

दुब्ले मुसाको कुरा सुनेर त्यहाँ भेला भएका मुसाहरू खुशी

भए । बिरालाहरूले पनि ताली बजाएर समर्थन गरे । त्यसपछि मंचमा टेबुलमाथि किस्तीमा विभिन्न आकार प्रकार र रंगका घण्टीहरू सजाएर ल्याइयो । हरेक घण्टीमा छालाले बनेको घाँटीमा बाँध्ने सुन्दर पाटामा बाँधिएको थियो । सभाका अध्यक्ष दाह्रीवाद मुसाले उभिएर बिरालाहरूलाई अनुरोध गर्दै भाषण गर्न थाल्यो ।

उसले भन्यो, "एउटै घरमा बसे पनि आजसम्म हामी मुसा र बिरालाहरू आपसमा शत्रुता गरेर बसेका थियौं । आजदेखि हामी मुसा जाति बिरालाहरूलाई परम मित्र सम्झने र सम्मान गर्ने घोषणा गर्छौं र मित्र बिरालाहरूले पनि हाम्रो मित्रताको प्रस्तावलाई सम्मान गर्नु हुनेछ भन्ने हामीलाई विश्वास छ ।"

त्यहाँ उपस्थिति मुसा र बिराला सबैले ताली बजाएर अध्यक्ष मुसाको प्रस्तावको स्वागत र समर्थन गरे । त्यसपछि अध्यक्ष मुसाले बडो विनम्र भएर बिरालाहरूसँग अनुरोध गऱ्यो, "सम्माननीय मित्र बिरालाहरू हो । हामी मुसा जातिको यो घोषणाको चिनो र मित्रताको प्रतीकको रूपमा हामीले तपाईंहरूका लागि सानो उपहार टक्र्याउन चाहन्छौं ।



विश्वास छ यहाँहरूले हाम्रो यो प्रेमको चिनोलाई सँधै आफ्नो घाँटीमा सुशोभित गरेर हाम्रो मित्रतालाई सम्मानित र दिगो बनाउनु हुनेछ ।"

दह्रीवाल मुसाको कुरा टुँगिन नपाउँदै चिटिक्क सजिएका राम्रीराम्री मुसीहरूले एकएक वटा घण्टी लिएर अतिथि बिरालाहरूको घाँटीमा बाँधिदिए । पाहुना बिराला र उपस्थित मुसाहरू सबै प्रशन्न देखिए ।

त्यसपछि प्रमुख अतिथि ढाडे बिरालोले उभिएर भाषण गर्न थाल्यो । उसले भन्यो, "मित्र मुसाहरूले व्यक्त गर्नु भएको भावनाबाट हाम्रो पनि आँखा खुलेको छ । अब मित्रताको युग सुरु हुनेछ भन्ने कुरामा हामी ढुक्क छौं । मित्र मुसाहरूले दिनुभएको यो सम्मान र उपहारको हामीले सम्मान गर्नेछौं । यसलाई जीवनभरि आफ्नो घाँटीमा धारण गर्ने छौं । बिरालो र मुसाबीचको मित्रतालाई दिगो बनाउन हामीले कुनै कसर बाकी राख्ने छैनौं ।"

ढाडे बिरालोको कुरा सुनेर मुसाहरूले धेरै बेरसम्म ताली बजाए र खुशी जनाए । त्यसपछि ढाडे बिरालोले आफैले किस्तीबाट सबैभन्दा ठूला घण्टी लिएर आफ्नो घाँटीमा बाँधे । अनि मेलैसँग अरू बिरलाले पनि आआफ्नो घाँटीमा घण्टी बाँधे ।

कार्यक्रमको आखिरमा मुसाहरूले बिरालाहरूलाई पेटभरि खिर ख्वाएर बिदा गरे ।

दुब्ले मुसाको बुद्धि देखेर सबै मुसा दंग परे । उनीहरूले दुब्लेलाई काँधमा बोधेर टोलभरि घुमाए र मिठामिठा कुरा खान दिए । त्यस दिनदेखि बिरालाहरूले जहाँ जाँदा पनि घाँटीमा घण्टी झुण्ड्याएर जान थाले र मुसाहरू पनि निडर निस्फिक्री भएर घुम्न थाले ।

*२०६३ जेठ ७ गते ।*

*नागरिक दैनिक, जुनकिरीमा २०६६ बैशाख १२ गते पहिलो पटक प्रकाशित ।*

# केही नयाँ बालसाहित्यका पुस्तकहरू



























मूल्य : रू. ५०

**विवेक सिर्जनशील प्रकाशन प्रा.लि.**
काठमाडौं, फोन ०१-४४३७८८२